# सिलीचोङ गाउँपालिका अध्यक्ष श्री भूपाल राज राईज्युले पेश गर्नु भएको नीति तथा कार्यक्रम

आ.व.२०८३।०८४

सम्मानित गाउँसभाका सदस्यज्यूहरु,

सिलीचोङ गाउँपालिकाको अध्यक्षको हैसियतले सिलीचोङ गाउँपालिका गाउँकार्यपालिकाको गाउँसभाको १९ औ अधिबेशनको सुनौलो अवसरमा आ.व.२०८३।०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवान्वित छु ।

आ.व. २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाको क्रममा गाउँपालिकालाई सुझाव दिनु हुने गाउँपालिकावासी आमाबाबु, दाजुभाइ, दिदीबहिनी, समाजसेवी, बुद्धिजीवी तथा सरोकारवालाहरुलाई गाउँपालिकाको तर्फबाट हार्दिक आभार ब्यक्त गर्दछौ ।

सर्वप्रथम, सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि एवम हालसम्म राज्य निर्माण र राष्ट्र निर्माणका लागि भएका लोकतान्त्रिक आन्दोलनमा अमुल्य जीवन उत्सर्ग गर्नुहुने प्रातः स्मरणीय महान सहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। साथै राजनैतिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गरी सिलीचोङ गाउँपालिकाको विकास र संवृद्धिमा महत्वपूर्ण योगदान पुर्याउनु हुने राजनैतिकदलका प्रतिनिधि, समाजसेवी, आमनागरिक समाज, अग्रज ब्यक्ति ब्यक्तित्व, बुद्धिजिवीहरुमा हार्दिक आभार ब्यक्त गर्दछु ।

स्थानीय तहको दोश्रो निर्वाचनबाट निर्वाचित भई बिगतका अधिबेशनहरुमा प्रस्तुत तथा पारित गरिएका नीति, कार्यक्रम तथा बजेट हाम्रो साझा प्रयासबाट सफल कार्यन्वयनले अझ उत्साह तथा हौसला मिलेको छ । जननिर्वाचित जनप्रतिनिधी, सिलीचोङवासी आमनागरिक, बौद्धिक ब्यक्ति ब्यक्तित्व, राष्ट्र सेवक कर्मचारीहरु गाउँपालिकाको उन्नती, प्रगती तथा समृद्ध सिलीचोङको लागि गोलबद्ध रुपमा साझा धारणाका साथ अगाडि बढ्नु आजको मुख्य आवश्याकता हो भन्ने ठानेको छु । तसर्थ गोलबद्धताका साथ आगामी बाँकी कार्यकाल गाउँपालिका अध्यक्षको हैसियतले सम्पादन गर्नुपर्ने शासकिय गतिविधि संचालन, सेवाप्रवाह तथा गाउँपालिकाको चौतर्फी बिकासमा यहाँहरुको महत्वपुर्ण सहयोग रहनेछ भन्ने अपेक्षा लिएको छु ।

**सभाका सदस्य ज्युहरु,**

विश्वभर छाएको आर्थिक मन्दी, आर्थिक संकुचन, इरान- अमेरिका युद्धको विश्वव्यापी प्रभावले नेपाललाई समेत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा नकरात्मक प्रभाव पारेको छ साथै २०८२ साल भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलन ( Gen- Z ) आन्दोलन र २०८२ फागुन २१ मा सम्पन्न आसन्न प्रतिनिधि सभा निर्वाचनको कारण नेपाल अधिराज्यभर नै सेवा प्रवाह, विकास व्यवस्थापन र शासकिय गतिविधि संचालनमा देखिएको संकट तथा विचलनले हाम्रो गाउँपालिका समेत अछुतो छैन । यसबाट संघीय सरकारको राजश्व परिचालन, बैदेशिक अनुदान प्राप्तीमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारण बजेटमा समेत नकारात्मक असर पुगेको छ जसले गर्दा प्रत्यक्ष रुपमा हाम्रो गाउँपालिकामा विकास गतिविधिहरु प्रभावित भएका छन् ।

यद्यपी यस नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा नेपाल सरकारले विश्व सामु सन् २०३० सम्ममा पूरा गर्ने गरी प्रतिबद्धता जाहेर गरेका १७ वटा दिगो विकासका सामञ्जस्य हुने गरी तथा स्थानीय तहले आवश्यकता महशुस गरेको प्राथामिकता प्राप्त लक्ष्यसँग सामञ्जस्य हुने गरी कार्यक्रमहरुको तर्जुमा गरिएको गाउँसभा समक्ष अवगत गराउन चाहान्छु ।

**सभाका सदस्य ज्युहरु,**

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरू प्रस्तुत गर्दछु ।

नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरू

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, दिगो विकास लक्ष्य, २०३० सोहौं आवधिक योजनाको मूलभूत पक्षहरू लाई आत्मासात गर्दै यस गाउँपालिकाले तर्जुमा र लागु गरेका आवधिक योजना ,कार्यान्वयनमा ल्याइएका विभिन्न कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी स्थानीय माग र आवश्यकताका आधारमा विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**सभाका सदस्य ज्यूहरु,**

अब, म यस गाउँपालिकाले लिएको विषयगत क्षेत्रगतको नीतिहरु बुँदागत रुपमा प्रस्तुत गर्न अनुमति चाहान्छु ।

**स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रमहरु**

१. पूर्ण संस्थागत सुत्केरी गराई मातृ तथा नवजात शिशु मृत्युलाईलाई कम गरि दीगो विकास लक्ष्य २०३० लाई प्राप्त गर्न सुरक्षित मातृत्व कार्यक्रमलाई गुणस्तरीय एवं प्रभावकारी बनाउनका लागि सूचिकृत भएका सातवटै २४ घण्टे बर्थिङ सेन्टरमा दक्ष प्रसुतिकर्मी तालिम प्राप्त स्वास्थ्यकर्मीको व्यवस्थापन तथा उपयुक्त भौतिक संरचनाको सुदृढिकरण गरिनेछ ।

२. राज्यबाट निशुल्क प्रदान हुने विभिन्न प्रकारका औषधीहरु स्वास्थ्य संस्थाबाट सबै नागरिकहरु सम्म पुग्ने व्यवस्था मिलाईनेछ। साथै गाउँपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन सचेतना, कार्यक्रम सञ्चालन गरिनेछ ।

३. नियमित पूर्ण खोप सुनिश्चितता दीगोपना गाउँपालिकाको रुपमा स्थापना गर्न हरेक वर्षको वैशाख महिनालाई खोप महिना तथा पूर्ण खोप सुनिश्चितता दीगोपना गरि घोषणा सभाको आयोजना गरिनेछ ।

४. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी बनाई पोषण मैत्री स्थानीय शासन प्रबर्धनका लागि बहुक्षेत्रीय समन्वय र समन्वयमा कार्यक्रम सञ्चालन गरि पोषणमैत्री वडा तथा पालिका क्रमशः घोषणा गरिनेछ ।

५. विपन्न बिरामी नागरिक औषधी उपचारलाई निरन्तरता दिईनेछ । उक्त सेवाको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

६. आयुर्वेद स्वास्थ्य सेवालाई आवश्यकता अनुसार विस्तार गरी यहाँका जडिबुटीको पहिचान तथा उपयोगका लागि अध्ययन गरिनेछ । जनस्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाउदै नसर्ने रोगहरुबाट बच्नको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

७. प्रेषण गर्नु पर्ने सुत्केरी तथा गर्भवतीहरुलाई निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिने छ ।

८. पालिका भित्रका सबै घरधुरीहरुमा खानेपानी तथा सरसफाईका लागि अनुगमन तथा सचेतिकरण कार्यक्रम सञ्चालन गरिने छ ।

९. जेष्ठ नागरिक दन्त उपहार कार्यक्रम संचालन गरिनेछ ।

१०. विद्यालय स्वास्थ्य तथा स्वास्थ्य अनुसन्धान कार्यक्रम संचालन गरिनेछ ।

११. ख वर्गका अपाङ्गता भएका व्यक्ति तथा निजको परिवारको लागि स्वास्थ्य विमा अनुदान कार्यक्रम संञ्चालन गरिनेछ ।

१२. जेष्ठनागरिकहरुको स्वास्थ्य परिक्षण गर्न घरघरमा स्वास्थ्य कर्मी भेट कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. महिला स्वास्थ्य स्वंयमसेविकाहरुलाई प्रोत्साहन स्वरुप यातायात खर्च निरन्तरता दिईनेछ ।

१४. विभिन्न सामुदायिक सिकाइ केन्द्रका भवनहरुको मर्मत तथा सम्भार लाई प्राथमिकता दिईनेछ ।

**शिक्षा,युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमहरु**

१. सिकाइलाई दिगो, गुणस्तरीय, प्रभावकारी, प्रविधिमैत्री, समयसापेक्ष बनाउदै IEMIS को परीधिभित्र रहि विद्यालयका सम्पूर्ण गतिविधि सञ्चालन गर्नका लागि विद्यालयको IEMIS हेर्ने फोकल पर्सनलाई क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।

२. परीक्षालाई मर्यादित, विश्वसनीय, वैद्य र तथ्यमा आधारित बनाईनेछ । जसका लागि पालिकाले सवै कक्षाको परीक्षा सञ्चालन तथा व्यबस्थापन गर्ने र आधारभूत तहको वार्षिक परीक्षा पालिकास्तरमा सञ्चालन गरिने छ ।

३. राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमलाई थप व्यवस्थित गरिने छ । पालिकाबाट छनौट भई जिल्लामा पदक जित्ने विद्यार्थीलाई सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।

४. विगतदेखी सञ्चालन हुदै आएको छात्रबृत्ती कार्यक्रमलाई निरन्तरता दिईने छ ।

५. वाल विकास सहजकर्ता र भूगोलको अवस्था मध्यनजर गरि आवसिय तालिम सञ्चालन गरि वाल विकास शिक्षाको सिकाइ उपलब्धि बृद्धी गरिने छ ।

६. विद्यालयमा प्रयोग गरिदै आएका शैक्षिक सामाग्रीको उपलब्धतालाई परिष्कृत गर्दै आवश्यक थप शैक्षिक सामाग्रीको व्यबस्था गरि शैक्षिक निर्माण सम्बन्धि कार्यशाला कार्यक्रम सञ्चालन गरिने छ । यो वर्ष विज्ञान विषयको कार्यशाला गरि आगामी बर्ष अन्य विषय प्राथमिकतामा राखी कार्यक्रम अगाडि बढाईनेछ ।

७. पालिकाले सञ्चालन गरेको वार्षिक परीक्षालाई आधार लिई विद्यालय, शिक्षक र विद्यार्थी सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।

८. पालिकाले निर्माण गरेका शिक्षा योजना र स्थानीय पाठ्यक्रमलाई अध्यावधिक गरिने छ ।

९. विद्यालयमा प्रशासनिक तथा प्राविधिक गुणस्तर कायम गर्न प्रधानाध्यापकको शैक्षिक अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.गाउँ शिक्षा समितिलाई सक्रिय तुल्याई प्रधानाध्यापक, गाउँ शिक्षा समिति र परीक्षा समितिका बैठकलाई निरन्तरता दिईनेछ ।

११. कक्षा १ देखी ५ सम्मको आन्तरिक मूल्याङ्कनलाई व्यबस्थित रुपमा लागु गर्न प्रवोधिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. पालिकाले निर्माण गरेको स्थानीय पाठ्यक्रमलाई प्रभावकारी बनाउन यो बर्ष कक्षा १ देखी ३ सम्मको पाठ्यपुस्तक लेखन तथा छपाई गरिने ।

१३. विद्यालयमा गरिने लेखा कार्यलाई व्यबस्थित बनाउनका लागि प्रधानाध्यापक तथा विद्यालय कर्मचारीका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।

१४. अग्रेजी माध्यमका कक्षा सञ्चालनका लागि पाठ्यपुस्तक ढुवानी कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ ।

१५. शिक्षण सिकाइ अनुदान र करार शिक्षक तलव अनुदानलाई निरन्तरता दिइनेछ ।

१६. शिक्षक अविभावक अभिमुखिकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१७. गाउँपालिका तथा वडास्तरिय रुपमा विविध खेलकुद गतिविधि संचालन गरिनेछ ।

१८. गाउँपालिकास्तरीय पुस्तकालय स्थापना गरी संचालन गरिनेछ।

१९. गाउँपालिकास्तरीय निर्माणाधिन खेलकुद कवर्डहल लाई सम्पन्न गर्नका लागि आवश्यक बजेट विनियोजन गरी निरन्तरता दिईनेछ ।

२०. पालिकास्तरमा भएका तथा निर्माणधिन भएका खेलमैदानको सतरोन्नती गरिनेछ ।

२१. सिलीचोङ ट्रेल रेस प्रतियोगितालाई थप प्रभावकारी बनाउन गाउँ खेलकुद विकास समितिलाई थप अनुदानको व्यवस्थापन गरिनेछ ।

२२. सिलीचोङ अध्यक्ष कप प्रतियोगितालाई लाई निरन्तरता दिईनेछ ।

**कृषि/पशु विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. पालिका भित्र व्यावसायिक फलफूल खेतीको क्षेत्र विस्तार गर्दै उत्पादन र उत्पादकत्व वृद्धिका माध्यमबाट कृषकको दिगो आयआर्जन सुधार गर्न सुन्तला खेती प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२. सिलीचोङको मुख्य आर्थिक मेरुदण्डको रूपमा रहेको अलैंची बालीको रोग नियन्त्रण, आधुनिक बेर्ना व्यवस्थापन र भण्डारण प्रविधि सुधारका लागि अलैंची खेती प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३. व्यावसायिक तरकारी खेतीमा कृषकहरूको आकर्षण बढाउँदै ताजा तरकारी उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउन उच्च गुणस्तरको हिउँदे तरकारी बीउ खरिद तथा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४. मुख्य खाद्यान्न बालीको उत्पादकत्व अभिवृद्धि गरी स्थानीय स्तरमा खाद्य सुरक्षा र पोषणको सुनिश्चितता कायम गर्न भूगोल सुहाउँदो उन्नत मकै बीउ खरिद तथा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५. आधुनिक संरक्षित प्रविधि मार्फत बेमौसमी तरकारी उत्पादन गरी कृषकको व्यावसायिक क्षमता विकास गर्न प्लास्टिक टनेल खरिद तथा वितरण कार्यलाई निरन्तरता दिइनेछ।

६. सुन्तला तथा अन्य फलफूल बालीलाई विनाशकारी महामारीबाट जोगाई कृषकको लगानी सुरक्षित गर्न प्रभावकारी जैविक प्रविधिको रूपमा रहेको प्रोटिन बेट (Protein Bet) खरिद तथा औंस व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७. मौसम परिवर्तनका कारण बालीनालीमा अचानक देखा पर्ने प्रकोप, रोग र किराहरूको द्रुत नियन्त्रणका लागि आकस्मिक बाली संरक्षण सेवा अन्तर्गत विषादी खरिद र परिचालनलाई निरन्तरता दिइनेछ।

८. खेतबारीको उर्वराशक्ति र माटोको स्वास्थ्य स्थिति पहिचान गरी सन्तुलित मलखादको वैज्ञानिक प्रयोग सुनिश्चित गर्न डिजिटल माटो जाँच सेवा कार्यक्रम सञ्चालन गरिने छ।

९. सिलीचोङको विकट भौगोलिक अवस्थिति र कठिन सडक पहुँचका कारण कृषकले उत्पादन गरेका अमूल्य कृषि उपजहरू खेतबारीमै कुहिएर जाने बाध्यताको अन्त्य गरी, उत्पादनलाई सहजै बजार र उपभोक्ताको भान्सासम्म पुर्‍याउन कृषक-बजार प्रत्यक्ष पहुँचः कृषि उपज ढुवानी अनुदान" कार्यक्रम नवीनतम रूपमा सुरु गरिनेछ।

१०. वडा तहमा खटिएका प्राविधिक जनशक्तिलाई थप जिम्मेवार, परिणाममुखी र प्रविधिमैत्री बनाउँदै किसानका दैनिक समस्यालाई खेतबारीमै तत्काल समाधान गर्न र सेवा प्रवाहमा उच्च व्यावसायिकता ल्याउन नियमित मासिक समीक्षा बैठक तथा छलफल कार्यक्रम थालनी गरिनेछ।

११. कृषि शाखाबाट प्रवाह हुने सेवाहरूलाई प्रविधिमैत्री, अत्याधुनिक र झन्झटमुक्त बनाई कृषकहरूलाई राज्यको प्रत्यक्ष उपस्थितिको महसुस गराउन तथा कार्यालयको दैनिक कार्य सम्पादनलाई चुस्त दुरुस्त राख्न यस वर्ष विविध तथा कार्यालय व्यवस्थापनको विशेष नयाँ प्रबन्ध गरिएको छ ।

१२. पशुपंक्षीहरुका लागि निःशुल्क खोप ब्यवस्था मिलाईनेछ ।

१३. सबै वडा कार्यालयहरुमा पशु प्राविधिकको व्यवस्था मिलाई पशु सेवालाई प्रभावकारी बनाइनेछ ।

**पर्यटन विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

२. आन्तरिक तथा बाह्य पर्यटन प्रवर्दनका लागि थप पर्यटकिय गन्तव्यहरुको पहिचान तथा प्रवर्दन-प्रचार प्रसार कार्यक्रम संचालन गरिनेछ ।

३. लालीगँरास पदमार्गमा आधारित पर्यटन विकास कार्यक्रमलाई सरोकारवाला निकायहरुसँग समन्वय गरी अघि बढाईनेछ ।

४. पर्यटन प्रवर्दन गर्नका लागि पदमार्गमा आधारित विभिन्न पदमार्ग निर्माण कार्यलाई जोड दिईनेछ ।

५. चित्रेदेखि बकाम-कमेरे खोलाखर्क केम्पा हुँदै मेरापिक सगरमाथा जोड्ने पर्यटकिय सडक निर्माणका लागि आवश्यक विस्तृत योजना प्रतिवेदन (डि. पि.आर) तयार गरिनेछ ।

**उद्योग तथा गरिबी निवारणका लघु उद्यम बिकास सम्बन्धी नीति तथा  कार्यक्रम**

१. उद्यमशिलता तालिम मार्फत व्यावसायिक योजनाको आधारमा छनौट भएका उद्यमको आधारमा प्राविधिक सिप विकास तालिम
२. नँया तालिम लिएका लघु उद्यमीहरुलाई उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।
३. तालिम लिएका लघु उद्यमीहरुलाई आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास विकास तालिम कार्यक्रम साझेदारीमा संचालन गरिनेछ ।
४. मौरी पालन तालिम तालिम लिएका लघु उद्यमीलाई सम्भाव्य उत्पादनको उत्पाकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जना समुहमा प्रविधि हस्तान्तरण साझेदारीमा संचालन गरिनेछ ।
५. स्थानीय उद्योगलाई प्रवर्धन गर्न स्थानीय तहमा उत्पादन हुने अल्लोबाट निर्मित कपडा कार्यालय पोषाकको रुपमा प्रयोगमा निरन्तरता दिईनेछ ।

**सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. पालिकाक्षेत्र भित्रका सहकारी संस्थाहरुको क्षमता विकास गर्नका लागि सहकारी लेखा/आन्तरिक नियन्त्रण तथा पारदर्शिता सम्बन्धी तालिम संचालन गरिनेछ ।
२. कोपोमिस(COPMIS ) प्रणाली अद्यावधिक तथा प्रभावकारी प्रयोग सम्बन्धी तालिम संचालन गरिनेछ ।

**वन,विपद् तथा वातावरण व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

१. अनुकुलन योजना बनाई जलवायु परिवर्तनको प्रतिकुल असर न्यणिकरण र सम्भावित जोकिमबाट बच्नका लागि कार्यपालिकाले अनुकुलन योजना बनाई कार्यनान्वयन गर्न सक्नेछ। कार्यपालिकाले विकास आयोजना तर्जुमा गर्दा जलवायु परिवर्तनको लागि नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम प्राथमिकीकरण गरिनेछ ।
२. गाउँपालिकाले हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्न आवश्यक कार्यक्रम सन्चालन गरिनेछ।
३. स्थानीय समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसंग सोंजन गर्दै उन्नत प्रकारको ज्ञान् सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गरिनेछ।
४. सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग गर्न बनाएको वर्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गर्न प्रयन्न गरिनेछ ।
५. प्राकृतिक विपद्बाट पूर्ण रूपमा प्रभावित भई आवासविहीन तथा खाद्यान्न अभावको अवस्थामा रहेका परिवारलाईगाउँपालिका तथा वडा कार्यालयमार्फत तत्काल राहत, अस्थायी आवास र खाद्यान्न उपलब्ध गराउने तथा आवश्यक भएमा पुनर्स्थापनाका लागि आवश्यक समन्वय र सहजीकरण गरिनेछ नीति अवलम्बन गरिनेछ।
६. प्राकृतिक विपद् बाट सिर्जित प्रकोपबाट हानी नोक्सानी भएका धन जनको लागि हाल उपलब्ध गराउदै आएको नगद अनुदानमा निरन्तरता दिईनेछ ।

७. प्राकृतिक विपद् तथा प्रकोपबाट प्रभावित भई धनजनको क्षति व्यहोरेका व्यक्ति तथा परिवारलाई प्रदान गरिँदै आएको नगद अनुदानलाई शतप्रतिशत वृद्धि गरी थप राहत तथा पुनर्स्थापनात्मक सहयोग उपलब्ध गराइनेछ।

८. पालिकास्तरीय शिशाजन्य लगायत अन्य फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन विसर्जन केन्द्र सम्बन्धित निकायहरुसँग समेत समन्वय गरी स्थापना र संचालन गर्न प्रयत्न गरिनेछ ।

९. शिशाजन्य पेय पदार्थको आयतमा निरुत्साहन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद तथा जातिय विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वियन गरिनेछ ।

२. महिला, बालबालिका, अल्पसंख्यक, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. बालमैत्री गाउँपालिका घोषणा तथा पोषणमैत्री स्थानीय शासन घोषणा गर्नका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा तथा संचालन गरिनेछ ।

४. बालबालिकाको सहभागिता, संरक्षण र विकासको अधिकार सुनिश्चित गर्न बाल संरक्षण,सहभागिता र क्षमता विकासका प्रवर्धनात्मक कार्यक्रममा जोड दिईनेछ ।

५. सबै प्रकारका सामाजिक सुरक्षा भत्ता लगायत सामाजिक सुरक्षा र सामाजिक संरक्षणका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

६. पूर्ण तथा अति असक्त अपांगता भएका व्यक्तिहरुलाई नागरिकता लगायत सम्पुर्ण सिफारिश निःशुल्क उपलब्ध हुने व्यवस्था मिलाईने छ ।

७. प्रदेश सरकार र पालिकाको साझेदारीमा सन्चालनमा रहेको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई अझ व्यवस्थित र प्रभावकारी बनाउदै लगिनेछ ।

८. बालमनोविज्ञान सामाजिक परामर्श गर्दै बालविवाह न्यूनीकरण कार्यक्रम संचालन गरिनेछ ।

९. हिंसा लगायत आत्महत्या नयूनीकरणका लागि वडा स्तरमा जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

१०. नुन खरिद तथा ढुवानी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

११. सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण तथा विभिन्न शिविर कार्यक्रम संचालन गरिनेछ ।

**न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

१. स्थानीय स्तरमा उत्पन्न हुने विवादहरुको छिटो छरितो सरल सुलभ र कम खर्चिलो रुपमा समाधान गर्नेन नीति अबलम्बन गरिनेछ ।

२. मेलमिलाप संस्कृतिको विकास गरी सामाजिक सद्भाव सहिष्णुता र एकता कायम गरिनेछ ।

३. न्याय सम्पादन कार्यलाई निषपक्ष पारदर्शी उत्तरदायी तथा कानूनसम्मत बनाईनेछ ।

४. मेलमिलापकर्तालाई आधारभुत तथा पुर्नताजर्की तालिम तथा आवश्यकताअनुसार न्यायिक सचेतता तथा मेलमिलाप सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

५. न्यायिक समितिका निर्णय तथा मेलमिलाप कार्यको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

६. संखुवासभा जिल्लाको १० वटै स्थानीय तहको न्यायिक समिति विच अन्तरक्रिया सम्मेलन संचालन गरिनेछ ।

**सुशासन,सार्वजनिक सेवा तथा संस्थागत क्षमता विकास सम्बन्धी नीति**

१. नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी कार्यसूचीमा उल्लेख भएका सुशासन तथा सार्वजनिक सेवा र क्षमता विकास सम्बन्धी नीति लाई पालिकाको स्रोत साधनले भ्याएसम्म कार्यान्वयन गर्न प्रयत्न गरिनेछ ।
२. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।
३. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।
४. राष्ट्र सेवक कर्मचारीहरु सेवा अवकाश पछि निबृतीभरण तथा उपदानमा अवकाश प्राप्त गर्दा प्रदान गर्ने सेवा सुविधाका लागि कर्मचारी अवकाश कोष स्थापना र उक्त कोषमा आवश्यक बजेटको विनियोजन गरिनेछ ।
५. कार्यालय समय अतिरिक्त अन्य समयमा समेत सेवाग्राहीहरुलाई सेवा प्रदान गर्ने व्यवस्था मिलाईने छ ।
६. सार्वजनिक खर्चलाई मितव्ययी, वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन आवश्यक पहल गरिनेछ ।
७. गाउँपालिकाभित्रका विभिन्न ऐन,नियमवाली,कार्यविधि र मापदण्डहरुलाई बास्केटिङ,परिमार्जन,संशोधन र खारेजी गरी नयाँ ऐन यहि सभाबांट पेश र पारित गरि कार्यान्वयनमा ल्याइनेछ ।

**खानेपानी तथा सरसफाई सम्बन्धी नीति तथा कार्यक्रम**

१. स्वच्छ खानेपानी तथा सरसफाइको मौलिक हकलाई कार्यान्वयन गर्नका लागि सरोकारवाला निकायहरुसँग समन्वय गरी आवश्यक पहल गरिनेछ ।
२. प्लाष्टिक जन्य तथा शिशाजन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरु तथा शिशाजन्य वस्तुको आयतमा निरुत्साहित गर्नका लागि आवश्यक कार्यक्रमहरु अघि बढाइनेछ ।

**पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. पालिका गौरवको आयोजनाको रुपमा मोटरेबल पुल तथा वेलिब्रिज निर्माणका लागि संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा आवश्यक बजेट विनियोजन गरि कार्यान्वयन प्रक्रिया अघि बढाईनेछ ।
२. निर्माणाधिन बखलटुम बेलिब्रिज आ.व.को असोजसम्म सम्पन्न गरी संचालनमा ल्याईनेछ ।
३. निर्माणाधिन प्रशासकीय भवन निर्माणको लागि आवश्यक संघिय सरकारसँगको साझेदारीमा बजेट व्यवस्था गरि निर्माण कार्यलाई तिब्रता प्रदान गरिनेछ।
४. निर्भाणाधिन बुधबारे कृषि बजार बजार व्यवस्थापन योजनालाई संघिय साझेदारीमा बजेट व्यवस्था गरि निर्माण कार्यलाई तिब्रता दिईनेछ ।
५. निर्माणाधिन ५ नम्बर वडा कार्यालय भवन असोजसम्म सम्पन्न गरी उक्त भवनबाट सेवा प्रवाह प्रारम्भ गरिनेछ
६. नागिटार पर्यटकीय स्थल निर्माण योजनालाई संघीय तथा प्रदेश सरकारसँगको साझेदारीमा बजेट व्यवस्था गरी निर्माण कार्य प्रारम्भ गरिनेछ ।

७. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निर्माण कार्य सम्पन्न नभई अलपत्र भएका श्री माहेश्वरी मा.वि.को भवन तथा मेशिनरी पर्खाल र घेराबारालाई पूर्णता दिई आगामी आ.व. मा संचालनमा ल्याईनेछ ।

८. सडक पहुँच नपुगेको वस्ति तथा क्षेत्रमा ग्रामिण सडक निर्माण गरिने साथै विगतका विभिन्न ग्रामिण सडकहरुको मर्मत कार्यलाई प्राथामिकता दिईनेछ ।

९. श्री सगरमाथा मा.वि.को निर्माणाधिन नमुना भवन निर्माण कार्य सम्पन्न गरी उक्त भवनबाट पठन-पाठन संचालन गरिनेछ । ।

१०. सुरक्षित नागरिक आवास कार्यक्रमलाई साझेदारीमा लाभग्राहीलाई सोझै भुक्तानीको व्यवस्था मिलाईनेछ ।

११. विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गत स्वीकृत गुरुयोजनाको आधारमा विद्यालय पुर्वधार विकास कार्यक्रम लाई अघि बढाइनेछ ।

१२. संघिय सरकारसँगको साझेदारीमा आवश्यकता र प्राथामिकता प्राप्त क्षेत्रमा झोलुङ्गे पुल निर्माण कार्यलाई अघि बढाइनेछ ।

१३. निर्माणाधिन बाला आयुर्वेद औषधलायलाई सम्बन्धीत निकायसँगको साझेदारीमा तिव्रता दिईनेछ ।

१४. गाउँपालिकाको निर्माणाधिन तथा निर्माण सम्पन्न भैसकेका विकास तथा गौरवको आयोजनाको वृत्तचित्र निर्माण गरिनेछ ।

**राजस्व तथा आन्तरिक श्रोत परिचालन सम्बन्धी नीति तथा कार्यक्रम**

१. गतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ ।

२. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

३. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

४. स्थानीय कर बारे सर्वसाधारणहरुलाई जानकारी गराउन करदाता शिक्षा तथा सचेतना कार्यक्रम समुदाय टोल एवं वडा स्तरमा सञ्चालन गरिनेछ ।

५. पालिकाक्षेत्र भित्र नेपाल सरकारबाट अनुमति प्राप्त भई निर्माणाधिन हाइड्रोपावर कम्मनीहरुलाई गाउँपालिकामा सुचिकृत हुनका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

६. राजश्व शाखामा संलग्न कर्मचारी तथा व्यवसायीहरुलाई राजश्व सम्वन्धी सचेतना कार्यक्रम स

**सुचना तथा प्रबिधी सम्बन्धी नीति तथा कार्यक्रम**

१. विद्युतिय हाजिरी तथा डिजिटल अभिलेख प्रणालीलाई कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनेछ ।

२. DIGITAL LOCAL GOVERNMENT" अवधारणालाई स्रोत साधनले भ्याएसम्म कार्यान्वयन गर्दै सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन आवश्यक पहल गरिनेछ ।

**सम्मानित सभाका सदस्यज्युहरु,**

सिलीचोङ बासी आमनागरिकहरुका ईच्छा,चाहना, आकांक्षा र आवश्यकताहरु असिमित छन, तर स्रोत र साधनहरु सिमित छन । सिमित स्रोत र साधनको परिचालनबाट भौगोलिक रुपमा विकट धरातलीय स्वरुपमा अवस्थित

सिलीचोङ वासीको आवश्यकता र विकासलाई सम्बोधन गर्न आफैमा चुनौतिपूर्ण छ। त्यसैले सिमित स्रोत र साधनलाई अत्युतम् रुपमा परिचालन गरी अधिकतम् जनसहभागिता, सहकार्य तथा साझेदारीमा समग्र शासन,विकास र सेवा प्रवाहका कार्यक्रम सञ्चालन गर्नु पर्ने हाम्रो आवश्यकता र वाध्यता रहेको छ ।

भौतिक पुर्वाधार विकासका साथ साथै सिलीचोङ गाउँपालिकालाई सामाजिक, आर्थिक,सांस्कृतिक,रानजीतिक लगायत पालिकाको चौतर्फी बिकास र रुपान्तरणको लागि गाउँपालिकाले बिभिन्न सरकारी, निजी संघ संस्था राजनैतिक दल, बुद्धिजिवी तथा नागरिक समाज र सरोकारवाला संग हातेमालो गरि समृद्ध सिलीचोङ निर्माण गर्नको लागि सदैव परिलक्षित रहनेछ ।

धन्यवाद

भूपाल राज राई

अध्यक्ष

जय सिलीचोङ

मितिः२०८३।०३।०७